# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माडी नगरपालिका
## चितवन

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माडी नगरपालिका

## चितवन

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

माडी नगरपालिका

चितवन

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

बागमती प्रदेश

मितिः२०८१।२।११

प.सं. २०८०।८१

च.नं. ११२

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख/अध्यक्ष ज्यू ,

माडी नगरपालिका, माडी नगरकार्यपालिकाको कार्यालय,

माडी, चितवन ।

१. कैफियत सहितको राय — हामीले माडी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ६८ लाख ८८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३३ लाखको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७२ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१३ लाख २८ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४६ लाख ५६ हजार र पेश्की बाँकी रु.३ लाख २० हजार समेत रु.२ करोड ३५ लाख ८८ हजार रहेको छ । नगरपालिकाको गतवर्ष

सम्म रु.४३ करोड ६४ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४६ करोड १५ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. अन्य व्यहोरा - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकरप्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

माडी नगरपालिका,

चितवन जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६३ | १६३ | २६८८८ | ० | ५७ | ३३०० | ६३ | १०६ | २३५८८ | ७२८४ | १४६५६ | १३२८ | ० | ० | २३२६८ | ३२० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ४३६४२७ | ० | ० | ४३६४२७ | ० | २३५८८ | ४६००१५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | २१ | समपूरक अनुदान फिर्ता | ९७०६८ |
| २ | | २७ | प्रोत्साहन भत्ता | २८१७१८० |
| ३ | | ३७ | जिन्सी दाखिला | १२२००० |
| ४ | | ७४ | प्राविधिक भत्ता बढी भुक्तानी | २४००० |
| ५ | | ७८ | भरपाई पेश | २४०००० |
| | **चालु वर्षको जम्मा** | | | ३३००२४८ |
| | **कुल जम्मा** | | | ३३००२४८ |

**नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल २१८.६ वर्ग किलोमिटर तथा ३७५०० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।३ देखि २०८०।१०।७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको

प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको प्राप्ति तथा भुक्तानीको विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची — २ मा संलग्न छ ।

२ **संञ्चित कोष** - स्थानिय सरकार सञ्चालन ऐ २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायत र स्थानिय सरकार सञ्चालनमा भएका आय- व्यय हिसाबको आर्थिक वर्ष २०७९/०८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १८२४६४८८३.८२ | १ | **चालु** | | ६१९६७४६९५.९६ |
| | क) बैंक | **१७०८६५६६३.७६** | | | चालु खर्च | ६१९६७४६९५.९६ | |
| | ख) धरौटी आय | ८४२७५३३.२३ | | | | | |
| | ग७.१ आकस्मिक कोष खाता | ६६२३३७९.२१ | | | | | |
| | ग७.२ प्रकोप व्यवस्थापन खाता | ३९१०.९९ | | | | | |
| | ग २.७ - विविध खर्च खाता | २५०५३९६.६३ | | | | | |
| | **यस वर्षको आम्दानी** | | ७०७९७८०.५१ | | | | |
| | ग७.१ आकस्मिक कोष खाता | १०००००० | | | | | |
| | ग २.७ - विविध खर्च खाता | ५३७९७८०.५१ | | | | | |
| | ग७.२ प्रकोप व्यवस्थापन खाता | ७००००० | | | | | |
| २ | **राजश्व (आन्तरिक आय)** | | २६९२००९३७.१९ | | | | |
| | क) आन्तरिक आय एवं प्रासी | ८८११९४४७.९४ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) राजश्व बाँडफाँड संघ | ९०५२४८२८.३६ | | 2 | **पूँजीगत** | | ३०७७४६४११.८९ |
| | ग) राजश्व बाँडफाँड प्रदेश | ९०५५६६६०.८९ | | | पूँजीगत खर्च | ३०७७४६४११.८९ | |
| ३ | **वित्तीय हस्तान्तरण (नेपाल सरकार)** | | ४७६२६४८७०.१० | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १२८७६०००० | | | | | |
| | ख) सशर्त अनुदान | ३२६९३६८६२.६ | | | | | |
| | ग) समपुरक अनुदान | ५२४३०१० | | | | | |
| | घ) बिशेष अनुदान | १५३२४९९७.५ | | | | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४५५८३५४५.६३ | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १३२३४००० | | | | | |
| | ख) सशर्त अनुदान | १४७८०१२३.०९ | | | | | |
| | ग) समपुरक अनुदान | १४८७४००० | | | | | |
| | घ) बिशेष अनुदान | २६९५४२२.५४ | | | | | |
| ५ | **बिभाज्यकोष आम्दानी** | ८५००० | ८५००० | | | | |
| ६ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | १९२४९१२२० | ३ | ग) सामाजिक सुरक्षा | १९२४९१२२० | १९२४९१२२० |
| | क) सामाजिक सुरक्षा | १९२४९१२२० | | ४ | धरौटी फिर्ता | ५९१८३६५.४१ | ५९१८३६५.४१ |
| | | | | ५ | **विभिन्न कोष तर्फ खर्च** | | ५९१२७०९.३९ |
| | | - | | | ग७.१ आकस्मिक कोष खाता | ४२१३८६ | |
| ७ | **अन्य अनुदान** | | ८०४२०९१.८३ | | ग७.२ प्रकोप व्यवस्थापन खाता | ७०८१८२.९२ | |
| | धरौटी आय | ८०४२०९१.८३ | | | ग २.७ - विविध खर्च खाता | ४७८३१४०.४७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | ६ | **विभिन्न कोष तर्फ मौज्दात** | | ४९४६८९२६.४३ |
| | | | | | कक) बैंक मौज्दात | ३५५०४४७१.४० | |
| | | | | | ग २.७ - विविध खर्च खाता | २१५८४७४.१० | |
| | | | | | ग) धरौटीको बैंक मौज्दात | १०५५१२५९.६५ | |
| | | | | | ग७.१ आकस्मिक कोष खाता | १२४०९९३.२१ | |
| | | | | | ग७.२ प्रकोप व्यवस्थापन खाता | १३७२८.०७ | |
| | **जम्मा** | ११८१२१२३२९.०८ | ११८१२१२३२९.०८ | | **जम्मा** | ११८१२१२३२९.०८ | ११८१२१२३२९.०८ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय प्रतिवेदन

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ ।पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१९२४९१२२०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.११५९९२२०.०६, यस वर्षको प्राप्ति

रु.२०६६८७५२९.७७, यस वर्षको भुक्तानी रु.२०४३२२२९४.८० र बैङ्क मौज्दात रु.१३९६४४५५.०३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १७०८६५६६३.७६ | ७९२०५९९१५.४९ | ९२७४२११०७.८५ | ३५५०४४७१.४० |
| एकीकृत आर्थिक विवरणअनुसार | १८२४६४८८३.८२ | ९९८७४७४४५.२६ | ११३१७४३४०२.६५ | ४९४६८९२६.४३ |
| फरक | ११५९९२२०.०६ | २०६६८७५२९.७७ | २०४३२२२९४.८० | १३९६४४५५.०३ |

३.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.३६५७९०९३०.४८ मौज्दात रहेकोमा यो वर्ष रु.१८२४६४८८३.५२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८३३२६०४६.६६ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.५ **बैंक हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा विविध खर्च खातातर्फ स्रेस्ता अुनसारको बाँकी मौज्दात भन्दा बैङ्क मौज्दात रु.१८०००।- ले घटी देखिएकोले घटी रकमको हिसाब मिलानको प्रमाण पेश गर्नुपर्ने रु.

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३५५०४४७१.४ | ३५५०४४७१.४ | ०.०० |
| आकस्मिक कोष | १२४०९९३.२१ | १२४०९९३.२१ | ०.०० |
| चालु खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| पुँजीगत खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| विविध खर्च खाता | २१५८४७४.१ | २१४०४७४.१० | १८०००.०० |
| प्रकोप व्यवस्थापन खाता | (४२७१.९३) | १३७२८.०७ | १८०००.०० |
| स्थानीय विभाज्य कोष | ०.०० | ०.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| धरौटी | १०५५१२५९.६५ | १०५५१२५९.६५ | ०.०० |
| ग१.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| जम्मा | | | १८००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,००० |

४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

५ **बजेट निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

६ **बजेट पेश पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.१ अर्ब २५ करोड ६४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख

प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

७ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२१४०३०४३७.२९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.८८११९४४७.९४ अर्थात अनुमान भन्दा ५८.८३ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

८ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५०१४४९७०७.०१ | ८८११९४४७.९४ | १७.५७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७.५७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ।पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ ।यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ। अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

१० **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १४१००००० | ९३०३७०९.७६ | ६५.९८ |

| | | | |
|---|---|---|---|
| घरजग्गा वहाल कर | १५००००० | ३५७३०६३.७७ | २२८.२ |
| व्यवसाय कर | १६००००० | १२४७७०० | ७७.९८ |
| वहाल विरौटी शुल्क | ६०००००० | ३११५०३० | ५१.९२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

११ **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ ।जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ५ वटा नियमावली, ४ निर्देशिका र ३३ कार्यविधि लगायत ५१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

१२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५८ र यो वर्ष थप भएको १४५ गरी कुल २०३ विवाद दर्ता भएकोमा १३५ वटा मात्र फस्यौंट भई ६८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१३ **स्थानिय तथ्याङ्क,अभिलेख तथा श्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१४ **नक्सा पास** - पालिकाले यस वर्ष नक्सा पास तथा अभिलेखिकरण सम्बन्धी व्यहोरा देहाय बमोजिम छन।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | नक्सा पास | २ |
| २ | घरनक्सा अभिलेखिकरण | २७ |
| ३ | अस्थाई सम्पन्न | ५ |

| | | |
|---|---|---|
| | जम्मा | ३४ |

१५ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ४६४ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ७४ | ९ | ७ | ५८ |
| २. | वडास्तरीय | ३९० | ६ | १०३ | २८१ |
| | जम्मा | ४६४ | १५ | ११० | ३३९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने देखिन्छ ।पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन।यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२)अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८(१) वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरुको कार्य विवरण अनुसूची -५ बमोजिमको ढाँचामा तयार गरी लागू गर्नु पर्नेमा सो गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(२) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना २०१५-३० लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा माथि लागत अनुमान भएको निर्माण कार्यको बिमा गराउनुपर्नेमा केही योजनाको बिमा गराएको देखिएन ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ ।यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११७३८१५६६.२ | ८०६२५९६२.०० | ८.६९४ |
| २ | पूर्वाधार विकास | ३०३३६६११३.३९ | १४१८०५२७३.७६ | १५.२९ |
| ३ | सामाजिक विकास | ४७९५२७०९२.२८ | ४०६४९६७६१.६८ | ४३.८३१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०४२९९०८.२८ | १३५०४९७८.८१ | १.४५६ |

| | | | | |
|---|---|---|---|---|
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ३६७६५५८४७.४६ | २८४९८८१३१.६ | ३०.७२९ |
| **जम्मा** | | **१२८८३६०५२७.६१** | **९२७४२११०७.८५** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४३.८३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.४६ प्रतिशत रहेको छ ।

१८ **त्रैमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ३०७७४६४११.८९ | १८७३१८९९.२२ | १९२२२६३१.५६ | ७३३८२१४७.५८ | १९६४०९७३३.५३ | १०८९२८५५७.०१ |
| प्रतिशत | | ६.०९ | ६.२५ | २३.८५ | ६३.८१ | ३५.४० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.३०७७४६४११.८९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१८७३१८९९.२२(६.०९प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१९२२२६३१.५६ (६.२५प्रतिशत),तेस्रो त्रैमासिकमा रु.७३३८२१४७.५८ (२३.८५प्रतिशत) र चौथो त्रैमासिकमा रु.१९६४०९७३३.५३(६३.८१प्रतिशत)खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१०८९२८५५७.०१ (३५.४० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **खर्च विश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.८८११९४४७.९४ राजस्व बाँडफाँड र अनुदानबाट रु.६७९३३४९८१.१९, गत वर्षको अल्या रु.१७०८६५६६३.७६ र जनसहभागिता वापत प्राप्त रकम रु.३२३००० समेत रु.९३८६४३०९२.८९ आम्दानी भएकोमा चालु तर्फ रु.६१९६७४६९५.९६ र पूँजिगत तर्फ रु.३०७७४६४११.८९ समेत रु.९२७४२११०७.८५ खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा ५८.८३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.९९९७४४९ खर्च भएको छ जुन आन्तरिक आयको ११.३४५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.६७ प्रतिशत चालु र ३५.३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२० **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२१ **समपुरक अनुदान -**

***............................(प्रारम्भिक प्रतिवेदन उपर प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रकम दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.९७०६८।- सम्परीक्षण गरिएको ।)***

---

२२ **पालिकालाई थप व्ययभार -** समपुरक अनुदान सम्बन्धी(तेस्रो संशोधन) कार्यविधि,२०७७ को दफा ६ मा कुल लागतको अधिकतम ५० प्रतिशतसम्म संघिय सरकारले स्थानिय तहलाई अनुदान रकम प्रदान गर्न सक्ने व्यवस्था छ ।पालिकाले संघिय समपुरक अनुदानतर्फको वाड नं ९ टमटादेखि साखबारी कालोपत्रे सडक (ठेक्का नं ७।०७९।८० योजनामा ५०:५० को अनुपातमा खर्च लेख्नुपर्नेमा पालिकाले उचित अनुपातमा खर्च भुक्तानी नगर्दा पालिकालाई थप रु.११८३३५६।२७ र सम्झौता बमोजिमको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसक्दा रु.५०२६२५४.९८ समेत रु.६२०९६११.२५ पालिकालाई बढी आर्थिक व्ययभार परेको छ ।पालिकाद्धारा उचित अनुपातमा खर्च भुक्तानी गर्नुपर्ने, समयमै प्रदेश सरकारबाट समपुरक अनुदानको अख्तियार प्रदान गर्ने, समयमै ठेक्का सम्झौता गर्ने, निर्माण व्यवसायीलाई सम्झौता बमोजिम समयमै कार्यसम्पन्न गर्न जिम्मेवार बनाउने तथा कार्यालयको योजना अनुगमन प्रणालीलाई प्रभावकारी बनाई पालिकालाई थप आर्थिक दायित्व नपर्ने गरी समपुरक अनुदानको पूर्ण उपयोग गर्नेतर्फ पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

२३ **अन्य सेवा शुल्क तथा बिक्री -** पालिकाले यस आर्थिक वर्षमा नदीजन्य पदार्थ उत्खनन् तथा प्रयोग मार्फत चितवन राष्ट्रिय निकुञ्जलाई प्रति घनमिटर मू अ कर सहित रु.३५९।१० को दरले ७३१८।०६२ घनमिटर ग्राभेल वापत रु.२६२७९१६।३६ रोयल्टी भुक्तानी गरेको देखिन्छ ।पालिकाले यस वर्ष नगर क्षेत्रमा विभिन्न बाटो स्तरोन्नतिमा ४०९४० घनमिटर ग्राभेल र पालिकाको प्रशोधन केन्द्रमा रहेको २५९३० घनमिटर ग्राभेल समेत ६६८७० घनमिटर ग्राभेल उत्खनन् गरेकोमा प्रशोधन केन्द्रमार्फत प्रशोधित गिट्टी, बालुवा र वेशको मूल्य प्रति घनमिटर क्रमश: रु.१३००।००, रु.४०० र रु.१६५० बाट क्रमश: रु.१०८५९००।००, रु.४५९५६००।०० र रु.१३६६२०००।०० समेत रु.२९११६५००।०० अन्य सेवा शुल्क तथा बिक्रि शिर्षक मार्फत पालिकाले राजश्व आम्दानी गरेको देखिन्छ । SUTRA को आम्दानी अभिलेख अनुसार अन्य सेवा शुल्क तथा बिक्रि शिर्षक मार्फत रु.३०८६९५८५।८० आम्दानी देखिएकोमा SUTRA को अभिलेखमा रु.१७५३०८५।०० बढी आम्दानी बाधेंको देखिन्छ ।पालिकालले प्रशोधन केन्द्र मार्फत प्रशोधित गिट्टि, बालुवा र बेस मार्फत बिक्री गरिएको अभिलेख र शुत्रको अन्य सेवा शुल्क तथा बिक्रि राजश्व शिर्षक अभिलेखबिच रु.१७५३०८५।०० फरक परेकोले वास्तविक हिसाबमिलानतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२४ **दरबन्दी तथा पदपूर्ति -** पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ति र यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन।

| क्र.सं. | स्वीकृत पद | स्विकृत दरबन्दी संख्या | पदपूर्ति | | पदपूर्ति बाँकी |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १ | प्र प्र अधिकृत रा प द्बितिय | १ | १ | ० | ० |
| २ | अधिकृत नवौ/दशौ | १ | १ | ० | ० |
| ३ | अधिकृत छैठौ/सातौ | १७ | ११ | २ | ४ |
| ४ | सहायक पाचौ/ क अ/स ई | ४८ | ३६ | २ | १० |
| ५ | सहायक चौथो/ क अ/स ई | ३३ | २७ | १ | ५ |
| ६ | सवारी चालक | ६ | ० | ६ | ० |
| ७ | सहयोगी | २ | १ | १ | ० |

२५ **करारका कर्मचारीलाई सञ्चय कोष थप भुक्तानी** - बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७३ अनुसार स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी बाहेक अन्य करार तथा ज्यालादारीमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई मासिक तलबमा सञ्चय कोष कट्टी गरी सो कट्टी बराबर स्थानीय तहले थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने व्यवस्था रहेको छैन । पालिकाले यस वर्ष करार सेवामा कार्यरत ५५ जना कर्मचारीलाई स्थायी कर्मचारी सरह तलबमा १० प्रतिशत कट्टी गरी सोही बराबरको रकम थप गरी सञ्चय कोष बापत रु.१९१२५८३।- भुक्तानी गरेको छ । पालिकाले यस्तो खर्च गर्दा यसले पार्न सक्ने दूरगामी असर बारे विश्लेषण समेत गरेको छैन । त्यसैले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन विपरित करारका कर्मचारीलाई भुक्तानी गरेको सञ्चय कोष असूल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१२,५८३ |

२६ **करार कर्मचारीलाई महंगी भत्ता -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.२१७ मिति २०७४-१-२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाईने व्यवस्था छ।त्यसै गरी संघिय सरकार अर्थ मन्त्रालयले मिति २०७९-१-२१ मा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई मंहगी भत्ता उपलब्ध गराउन नसकिने भनि मिति २०७९-१-१५ मा गरेको निर्णयको जानकारी गराएको देखिन्छ।तर पालिकाले नगर सभाको निर्णय बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुलाई भुक्तानी गरेको मंहगी भत्ता रु. ८४०००० उल्लेखित परिपत्र विपरित देखिएकोले उक्त रकम असुल गरी राजस्व दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०,००० |

२७ **प्रोत्साहन भत्ता -**

***.............................(प्रारम्भिक प्रतिवेदन उपर नगरपालिकाले कार्यपालिकाको निर्णयले अबका दिनमा करारका कर्मचारीलाई त्यस्तो प्रोत्साहन भत्ता उपलब्ध नगराउने प्रतिवद्धता साथै नगरपालिकाले २०८० चैत्र महिनाको तलब भुक्तानी गर्दा प्रोत्साहन भत्ता रोक्का गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२७ को निर्णयबाट रु.२८,१७,१८०।- सम्परीक्षण गरिएको ।)***

२८ **पारिश्रमिक कर दाखिला** - आयकर ऐन, २०५८ को दफा ८ बमोजिम व्यक्तिको रोजगारीबाट प्राप्त आयमा प्रत्येक वर्ष आर्थिक ऐनले तोके बमोजिमको सीमाभन्दा बढी भएमा दफा ८७(१) बमोजिम पारिश्रमिक कर हिसाब गरी पारिश्रमिक भुक्तानी गर्दा कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसारका कर्मचारीहरूको वार्षिक आयमा लाग्ने पारिश्रमिक कर कट्टी नगरी पारिश्रमिक भुक्तानी गरेको देखिएकोले पारिश्रमिक कर बापतको रू.२३८६३.५३ असूल गरी दाखिला गर्नुपर्दछ, रू

| नाम पद | वार्षिक आय | कर छुट रकम | पारिवारिक छनौट | करयोग्य आय | पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| सोमलाल महतो (ल्या.अ.निरीक्षक) | ९३४९७७.२० | १३८९१४.४० | ६०००००।- | १९६०६२.८० | १९६०६.२८ |
| सृजना अर्याल (नर्सिङ अधिकृत सातौं) | ५४७३०२.८३ | | ५०००००।- | ४७३०२.८३ | ४२५७.२५ |
| **जम्मा** | | | | | **२३८६३.५३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,८६३.५३ |

२९ **खाना खाजा खर्च** - पालिकाले स्थायी तथा करारका कर्मचारीहरुलाई अतिरिक्त समय कार्य गरे बापत प्रति कर्मचारी मासिक रु.६०००।— का दरले यस वर्ष रु.१८७२०००।- भुक्तानी गरेको छ । अतिरिक्त समय कार्य गरे बापत प्रोत्साहन भत्ता भुक्तानी गरे पश्चात् दोहोरो पर्ने गरी पुनः खाना खाजा खर्च बापत भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७२,००० |

३० **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक सहयोग जस्ता शिर्षकबाट २२७ थान ब्लाङ्केट र ५१ थान ट्याक सुट खरिद गरी २ फर्मलाई रु. ४४२३३० भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले २२७ ब्लाङ्केट थान १-९ वडाका बद्धबृद्धा र ५१ थान ट्याक सुट मनमोहन बालग्रामका चेपाङ बालबालिकालाई वितरण गरेको भरपाई पेश

भएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३१ **स्वीकृति बेगरको सफ्टवेयर सञ्चालन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्विकृती लिनुपर्ने व्यवस्था छ। तर पालिकाले महालेखा नियन्त्रक कार्यालयको स्विकृती बेगर आन्तरिक आय संकलनका लागि सांग्रिला ईन्फरमेटिक्स प्रा.लि.को सूचना प्रणाली प्रयोग गरी यस वर्ष रु. ८८४४२४४७.९४ राजस्व आम्दानी गरेको छ। स्वीकृति बेगरको त्यस्तो सफ्टवेयर प्रयोग गर्दा त्यस्तो प्रणालीको सुरक्षा, आन्तरीक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विश्वासनियता र संभाव्य जोखिम बारे समेत आश्वस्त हुन सक्ने अवस्था देखिएन। त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

३२ **कार्यक्रम संशोधन तथा रकमान्तर** - कार्यपालिकाको विभिन्न मितिको निर्णयको आधारमा यस वर्ष साविकका पूँजिगततर्फ रु.२८७००००० को ३९ र चालुतर्फ रु.२७१२१००० को ४७ समेत रु.५५८२१००० को ८६ कार्यक्रम संशोधित गरी पूँजिगततर्फ ८६ र चालुतर्फ ५५ गरी १४१ कार्यक्रम संशोधन गरि निम्न १० हजार देखि १ लाख सम्मका साना चालु तथा पूँजिगत योजनामा रकमान्तर गरेको छ । स साना योजना बनाई कार्यक्रम संशोधित गरी खर्च गर्दा बजेटको प्रभावकारी कार्यान्वयन भएको देखिदैंन । पालिकाले योजना छनौट गर्दा आवश्यक आधारित कार्यान्वयन योग्य छनौट गरी योजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क सं. | योजनाको विवरण | योजना रकम | शिर्षक |
|---|---|---|---|
| १ | आधारभूत विद्यालय सिम्रहनी शौचालय | ४०००० | पूँजिगत |
| २ | महिला स्वास्थ्य स्वयसेविका सम्मानजनक विदाई कार्यक्रम | १००००० | चालु |
| ३ | अन्तराष्ट्रिय अपाङ्ग दिवस कार्यक्रम | ४४९५० | चालु |
| ४ | सस्थाको वार्षिक साधारण सभा विकास कार्यक्रम | ५०००० | चालु |
| ५ | विद्यार्थीको लागि साईकल खरिद | १००००० | चालु |
| ६ | दक्षिण अयोध्यापुरी आ वि शैक्षिक गुरणस्तर अनुदान | ५०००० | चालु |
| ७ | रत्ने सामुदायिक भवनमा चापाकल धारा निर्माण | १०००० | पूँजिगत |
| ८ | इलाका प्रहरी व्यवस्थापन | २०००० | पूँजिगत |
| ९ | माडी माविमा १ कोठे बाल बिकास भवन निर्माण | ५०००० | पूँजिगत |
| १० | बसन्तपुर दुर्गा रङ्गरोगन न | २०००० | पूँजिगत |

| | | | |
|---|---|---|---|
| ११ | चयनपुर दौजरचोक निर्माण | ५०००० | पूँजिगत |
| १२ | राष्ट्रिय आवि पाण्डननगर स्वास्थ्य कार्यक्रम | २५००० | चालु |
| १३ | स्वास्थ्य शिविर | ५०००० | चालु |
| १४ | चैनपुर कुलो बाँध मर्मत | ५०००० | पूँजिगत |
| १५ | धमलाटोलमा विद्युतिय तार जडान | ५०००० | पूँजिगत |

३३ **दुध उत्पादनमा अनुदान -** पालिकाले स्वीकृत कार्यक्रम अनुसार दुध उत्पादनमा अनुदान कार्यक्रम अन्तर्गत प्रति लिटर रु.३ का दरले यस वर्ष १३ दुग्ध उत्पादक सहकारी तथा समूहलाई रु.४१५७८६५.८० अनुदान भुक्तानी गरेको छ । बागमती प्रदेशको स्वीकृत नीति तथा कार्यक्रममा समेत दुग्ध उत्पादनमा अनुदान दिने कार्यक्रम रहेकोले पालिकाले अनुदान रकममा हुन सक्ने सम्भावित दोहोरोपन, हिनामिना र दुरुपयोग नियन्त्रण गर्न तथा दुग्ध व्यवसायको अनुदानलाई घाँस खेती, पशु आहार, नश्ल सुधार, पशु प्राविधिक सेवा तथा बजारीकरणसँग आबद्ध गरी अनुदान बितरणमा एकद्वार प्रणाली कायम गर्न समेत ध्यान दिनुपर्ने देखिन्छ ।

३४ **व्यक्तिगत प्रयोजन खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) मा सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले सरकारी रकमको लापरबाही हुन नपाउने गरी सरकारी नगद तथा सम्पत्ति सुरक्षित राख्न प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले मिति २०७९।५।३१ मा भौ.नं.७७ बाट जयश्री शिवम् सप्लायर्ससँग रु.४०११.५० का दरले १६ थान स्पोर्ट्स् जुत्ता खरिद गरी पदाधिकारी तथा कर्मचारी गरी १६ जनालाई बितरण गरेकोले सरकारी सम्पत्ति तरिकाले व्यक्तिगत प्रयोजनमा खर्च गरेको कार्य अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६४,१८४ |

३५ **अवलोकन भ्रमण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग हुने गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न समूह तथा टोलीको अध्ययन/अवलोकन भ्रमण गराई रु.१९६६२६.१५ खर्च गरेको छ । कतिपय आवश्यकता र औचित्य समेत पुष्टि नहुने निम्न उल्लेखित अवलोकन/ भ्रमणमा सरकारी रकम खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| गो.भौ.नं./मिति | विवरण | जना | भ्रमण स्थान | भ्रमण अवधि | खर्च |
|---|---|---|---|---|---|
| १२४५/२०७९।१२।२८ | ६० वर्षमाथिका बृद्धाबृद्धाहरुलाई भ्रमण | ७३ | धनुषा | २०७९।११।१९ र २० | १९६६२६.१५ |

३६ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र

लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३७ **जिन्सी आम्दानी -**

***............................(प्रारम्भिक प्रतिवेदनमा उपर पाम्स दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.१,२२,०००।- सम्परीक्षण गरिएको ।)***

३८ **जिन्सी दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) अनुसार सरकारी रकम खर्च गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ । कार्यक्रम संयोजक शिव प्रसाद सुवेदीले कल्याणपुर स्वास्थ्य चौकी, वडा नं.८ मा २०७९।९।३ र ४ गते हुने निशुल्क प्रजनन् स्वास्थ्य शिविर सञ्चालनको लागि तल उल्लेखित फर्मबाट खरिद गरेको स्वास्थ्य उपकरण जिन्सी दाखिला गरेको नदेखिएकोले ती उपकरण जिन्सी दाखिला गरी सोको स्रेस्ता अद्यावधिक भएको प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं./मिति | फर्मको नाम | बिजक नं. | उपकरण | संख्या | रकम |
|---|---|---|---|---|---|
| २०७/२०७९।११।११ | इन्टा फर्मा, जनकपुरधान | ११/२०७९।९।२ | Veginal Speculam | १६ | ४९९९१.२० |
| | | | प्रमाण पेश नगरेको | | ४९,९९१.२ |

३९ **जिन्सी हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,२०७७ को नियम १०५(२) मा मालसामान हस्तान्तरण गर्दा जिन्सी मालसामान बुझिलिने कार्यालयले हस्तान्तरण भई आएको जिन्सी मालसामान बुझिलिने कार्यालयले हस्तान्तरण भई आएको जिन्सी मालसामान जिन्सी खातामा आम्दानी बाँधी सोको जानकारी साबिक कार्यालयलाई दिनुपर्ने र बुझिलिने कार्यालयबाट आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि साबिक कार्यालयले त्यस्तो जिन्सी मालसामानको लगत कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले गो भौ र मिति ११९-२०७९।१०।२७ मार्फत ४९५०००।०० को ५ थान ल्यापटप र ५ थान प्रिन्टर खरिद गरी विभिन्न स्कूललाई वितरण गरेको तथा हस्तान्तरण गरेको आधारमा पालिकाबाट ती जिन्सी सामानको लगत कट्टा गरिएकोमा सम्बन्धित स्कूलले आ-आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश नभएकोले सम्बन्धित स्कूलले निम्न सामाग्रीको जिन्सी आम्दानीको प्रमाण पेश गर्नुपर्ने रु

| सि.नं. | सामाग्री | थान | प्रति थानमूल्य(मू अ कर सहित) | जम्मा मूल्य |
|---|---|---|---|---|
| १ | डेल ल्यापटप ३४०० I3 | ५ | ६७९९९ | ३३९९९५ |
| २ | Canon G ३०२० प्रिन्टर | ५ | ३१००१ | १५५००५ |
| जम्मा | | | | ४९५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,००० |

४० **विभिन्न सामाग्री खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(३) मा सार्वजनिक निकायले कुनै पनि संस्था तथा लाभग्राहीलाई नगद वा वस्तुगत आर्थिक सहायता दिंदा सम्भव भएसम्म लक्ष्य, कार्यक्रम, लागत अनुमान र कुन नियम वा निर्णयबाट कसलाई, कसरी, किन बितरण गरिने हो सो को प्रष्ट कुरा खोली भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले मातहतका विभिन्न वडामा विभिन्न समूह तथा क्लबलाई तथा कुर्सी टेबल, बाजा, पोशाक बितरण भनी विभिन्न आपूर्तिकर्ताको बिलको आधारमा रकम भुक्तानी भएको छ । नियमानुसार कुन समूहलाई किन त्यस्ता सामाग्री दिएको हो सो को अभिलेख कहाँ हुन्छ, त्यसको रेखदेख कसको जिम्मामा हुने हो सो कुराको निक्यौंल नै नगरी भुक्तानी भएको हुँदा उक्त सामाग्री खरिद गरेको भनी भुक्तानी भएको रकमको सदुपयोग भएको सम्बन्धमा यकीन हुन सकिएन ।

| भौ.नं./मिति | भुक्तानी प्राप्त गर्ने | सामाग्रीको विवरण | रकम |
|---|---|---|---|
| ६१/२०७९।५।२८ | जगन्नाथपुरी आमा समूह | कुर्सी तथा भाँडाकुँडा | १५०००० |
| ६३/२०७९।५।२९ | पिपरिया महिला समूह र नारायणी आमा समूह | कुर्सी खरिद | २४९०५८.७८ |
| ६४/२०७९।५।२९ | चैनपुर आमा समूह, वडा नं १ | कुर्सी तथा भाँडाकुँडा | ७५००० |
| ९७१/२०७९।११।१२ | सिधुवामा थारु महिला उ.स. वडा नं ४ | माला, हसूली चन्दहार आदि | १००००० |
| ५७/२०७९।५।२८ | छरछरे महिला समूह, वडा नं ५ | कुर्सी खरिद | ५०००० |
| ९७२/२०७९।११।१२ | बाध्यबाधन सामाग्री उ.स. वडा नं ४ | अक्टोप्याड | १००००० |

४१ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबामट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७८।०७९ को भुक्तानी दिन बाँकीको विवरण आर्थिक वर्ष २०७९।८० को वार्षिक नगर विकास योजनामा समावेश गरी १२७ कार्यक्रम/आयोजना/क्रियाकलापमा रु.३२५१२५६३.५ भुक्तानी गरेकोमा यस वर्ष आर्थिक वर्ष २०७९।८० को भुक्तानी दिन बाँकिको विवरण आर्थिक वर्ष २०८०।८१ को नगरसभाबाट प्रमाणित गरी १५२ कार्यक्रम/

आयोजना/क्रियाकलापमा रु.७३९९७२९८।२३ विनियोजन गरेको छ ।सम्बन्धित आर्थिक वर्षमा बजेट नपुग हुनबाट भुक्तानी दिन नसकिने गरी कार्यक्रम गरिनु उपयुक्त देखिदैन ।

सैद्धान्तिक बेरुजु

४२ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ मा रु.२० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा रु.२० लाखसम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परिक्षण गर्दा पालिकाले यस वर्ष रु.१३६९८९०४।- को कम्प्यूटरजन्य तथा सिसिक्यामरा सामाग्री, सवारी साधन (हेभी तथा अन्य सवारी) मर्मत कार्य पटक पटक गरी सोझै खरिद गरेको देखियो । पालिकाले खरिद कार्य गर्दा एउटै प्याकेज बनाई बोलपत्रको माध्यमबाट खरिद गरी खरिद कार्यलाई प्रतिस्पर्धी बनाई खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो भौ नं. | फर्म/पार्टी | बिजक रकम मू अ कर सहित |
|---|---|---|
| ५८-२०७९।७।४ | यूनिक कम्प्यूटर एण्ड सोलुसन | ६०००० |
| ७५-२०७९।९।५ | यूनिक कम्प्यूटर एण्ड सोलुसन | ९०००० |
| ६१-२०७९।७।४ | यूनिक कम्प्यूटर एण्ड सोलुसन | ११९४०२.२१ |
| ८७-२०७९।९।१४ | यूनिक कम्प्यूटर एण्ड सोलुसन | ९८६७२ |
| १५१५-२०८०।२।२५ | यूनिक कम्प्यूटर एण्ड सोलुसन | २१०२९० |
| ७५-२०७९।९।१४ | एस एल इन्टरप्राइजेज | ६९०७० |
| ११२-२०७९।१०।१९ | एस एल इन्टरप्राइजेज | १४३६७९५ |
| १८९-२०७९।१२।१२ | एस एल इन्टरप्राइजेज | १९६६१८ |
| ५४४-२०८०।३।२१ | एस एल इन्टरप्राइजेज | १००००० |
| १४६३-२०८०।२।१२ | एस एल इन्टरप्राइजेज | १०५००० |
| ९४-२०७९।९।२१ | एम एस इलेक्ट्रोनिक्स प्रा लि | ९९९३५० |
| ११९-२०७९।१०।२७ | इन्फोटेक कम्प्यूटर एण्ड सप्लायर्स | ४९५००० |
| २५-२०७९।११।१४ | इन्फोटेक कम्प्यूटर एण्ड सप्लायर्स | १५०००० |
| ११२-२०८०।३।२४ | इन्फोटेक कम्प्यूटर एण्ड सप्लायर्स | ५०००० |

| | | |
|---|---|---|
| ५१-२०८०।१२।३० | इन्फोटेक कम्प्यूटर एण्ड सप्लायर्स | ७५००० |
| ११/२०७९।५।२१ | पाठक कन्स्ट्रक्सन एण्ड सप्लायर्स, माडी | ४८८१०३ |
| ३६/२०७९।५।२४ | | ९८७५७४ |
| १९३/२०७९।६।१२ | | ३२६९०९ |
| १९८/२०७९।६।१२ | | ४४८८९९ |
| ७२८/२०७९।९।२२ | | १९५२०७ |
| ११२१/२०७९।१२।१२ | | ३१४५९२ |
| ७३/२०७९।५।३० | जगदम्बा कन्स्ट्रक्सन सोलुसन प्रा.लि. | ४४४२१२ |
| २९५/२०७९।७।२ | | १७५४७६ |
| ६२६/२०७९।९।८ | | २६३८५९ |
| ६८६/२०७९।९।१७ | | ११७२७८ |
| ११८६/२०७९।१२।२२ | | ५८५१९ |
| १८०/२०७९।६।११ | जनरल डिजेल सर्भिस, चितवन | १००००० |
| १९०/२०७९।६।१२ | पाल्म कन्स्ट्रक्सन्/श्री ओम इन्टरप्राइजेज्, हेटौंडा | २९२६७० |
| २०४/२०७९।६।१२ | | ८७९८९४ |
| ७२८/२०७९।९।२२ | | ३३८०७३ |
| ११६६/२०७९।१२।१९ | | ४६३३०६ |
| १३९७/२०८०।२।३ | | ५०६९९९ |
| १९३/२०७९।६।१२ | आर एन सफल कन्स्ट्रक्सन एण्ड सप्लायर्स माडी | २९८३२० |
| २०८/२०७९।६।१२ | | १८००७९ |
| ३३६/२०७९।७।४ | | १११६७२ |
| ८८२/२०७९।१०।२७ | | १२२९७७ |
| १२५२/२०७९।१२।२९ | | ११५५९३ |
| १२७४/२०८०।१।५ | | ९१०७५ |

| | | |
|---|---|---|
| २८१/२०७९।६।३१ | नारायणी अटो केयर, चितवन | ३८६४७८ |
| ३६४/२०७९।७।२१ | | १०७७४५ |
| ६२९/२०७९।९।८ | | ५७९०९३ |
| २८८/२०७९।७।२ | श्री विश्वकर्मा हेभी इक्युपमेन्ट, भरतपुर | २२७१५९ |
| १२४६/२०७९।१२।२८ | जेन्दुन अटो वर्ड प्रा.लि. चितवन | ३५९८६३ |
| १३९८/२०८०।२।३ | शारदा इन्टरप्राइजेज्, माडी | १७३१६६ |
| १४०७/२०८०।२।४ | दुर्गा एण्ड सन्स् अटोमोबाइल प्रा.लि.,भरतपुर | २८८९१७ |
| जम्मा | | १३६९८९०४ |

४३ **ढुवानी अग्रिम कर -** आयकर ऐन, २०५८ को दफा ८८(५) मा कुनै बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न सप्लायर्सलाई बालुवा गिटी ढुवानी बापत ढुवानी भाडा भुक्तानी गरेकोमा १० प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा २.५ प्रतिशतका दरले मात्र अग्रिम करकट्टी गरेकोले असूल गर्न बाँकी कर असूल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ नं/मिति | आपूर्तिकर्ता | बिजक रकम | अग्रिम कर | करकट्टी | बाँकी कर |
|---|---|---|---|---|---|
| ९१९/२०७९।११।३ | अशोक बिल्डर्स एण्ड सप्लायर्स | १३०१०७० | १३०१०७ | ३२५२७ | ९७५८० |
| ९९८/२०७९।११।१७ | | ८३९४०० | ८३९४० | २०९८५ | ६२९५५ |
| जम्मा | | | | | १६०५३५ |
| | | | | असुल गर्नुपर्ने | १,६०,५३५ |

४४ **अनुगमन भत्ता -** बागमती प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३क ले नगरपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले सोही ऐनको अनुसूची-१क. मा उल्लेख भए बमोजिमको सुबिधा मासिक रुपमा पाउने तथा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा तोकेको दरमा दैनिक भ्रमण भत्ता बाहेक अन्य सुबिधा तथा भत्ता नपाउने व्यवस्था गरेको छ । त्यसै गरी भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी तथा कर्मचारीले तोकेको दरमा भ्रमण तथा दैनिक भत्ता बाहेक अन्य भत्ता नपाउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पालिका अन्तर्गतका सञ्चालित निम्न योजना, तालिम तथा कार्यक्रम अनुगमन, सुवरीवेक्षण तथा सहजीकरण तथा तालिम तयारी बैठक भत्ता बापत पदाधिकारी तथा कर्मचारीहरुलाई पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन तथा भ्रमण खर्च नियमावली विपरित अनुगमन, सुपरीवेक्षण तथा कार्यक्रम तयारी भत्ता बापत रु.१२८२५००।- भुक्तानी गरेको कार्य अनियमित देखिएको रु.

| गो भौ नं | कार्यक्रम | अवधि | सहभागी | जना | भत्ता रकम |
|---|---|---|---|---|---|
| ३०४/२०७९।७।३ | वडा १-९ मा सञ्चालित योजनाहरुको निरीक्षण, अनुगमन | श्रावण, भाद्र, आश्विन (१८ दिन सम्म) | पदाधिकारी तथा कर्मचारी | १३ | २०९००० |
| ३३८/२०७९।७।६ | शिक्षकहरुको क्षमता विकास सुपरीवेक्षण तथा सहजीकरण | २०७९।७।१-५ सम्म | पदाधिकारी तथा कर्मचारी | १९ | ५४५०० |
| ५६५/२०७९।८।२० | ELMIS तालिम सुपरीवेक्षण | २०७९।८।१३-१५ सम्म | पदाधिकारी तथा कर्मचारी | ४ | १३५०० |
| ५७३/२०७९।८।२३ | रेबिज बिरुद्धको भ्यक्सिनेसन कार्यक्रमको अनुगमन | २०७९ बैशाख | कर्मचारी | १४ | १४००० |
| ७०५/२०७९।९।१९ | अपाङ्ग परिचयपत्र बितरण समितिको बैठक भत्ता | २०७९ श्रावण देखि मंसिर (८ दिनसम्म) | कर्मचारी | १५ | १४४००० |
| ७०९/२०७९।९।१९ | नगरपालिकामा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन | १२ दिनसम्म | पदाधिकारी तथा कर्मचारी | २२ | १४२५०० |
| ७२०/२०७९।९।२१ | शिक्षकहरुका लागि IT तालिमको अनुगमन | २०७९।७।६-१० सम्म | पदाधिकारी तथा कर्मचारी | ७ | २४००० |
| ४१०/२०८०।३।६ | आमा सुरक्षा र प्रजनन् कार्यक्रमको अनुगमन | २०८०।३।४ ७ दिनसम्म | पदाधिकारी तथा कर्मचारी | ६ | ४९५०० |
| २६८/२०७९।१२।२२ | स्वास्थ्यकर्मीहरुका लागि बृहत पोषण प्याकेज क्षमता अभिबृद्धि कार्यक्रमको अनुगमन | २०७९।११।१७-१२।२० (१६ दिनसम्म) | पदाधिकारी तथा कर्मचारी | ४ | ५५५०० |
| १०२५/२०७९।११।२८ | नगरपालिकामा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन | ७ दिनसम्म | पदाधिकारी तथा कर्मचारी | २२ | ८५५०० |
| १०२७/२०७९।११।२८ | वडा १-९ मा सञ्चालित योजनाहरुको निरीक्षण, अनुगमन | २०७९ पुस, माघ १२ दिनसम्म | कर्मचारी | १३ | १३६००० |
| १०४७/२०७९।१२।१ | अपाङ्ग परिचय पत्र बितरण शिविर सञ्चालन भत्ता | २०७९।१०।२९ र ११।३ | पदाधिकारी तथा कर्मचारी | ११ | २७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११४६/२०७९।१२।१४ | नगरपालिकामा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन | ११ दिनसम्म | पदाधिकारी तथा कर्मचारी | २७ | १४५५०० |
| १२८४/२०८०।१।७ | नगरपालिकामा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन | १४ दिनसम्म | पदाधिकारी तथा कर्मचारी | २९ | १५०००० |
| १३३९/२०८०।१।२२ | नागरिक आरोग्य कार्यक्रमको लागि खरिद भएका औषधिको जिन्सी निरीक्षण बैठक | २०७९।१२।१४ र २२ | पदाधिकारी तथा कर्मचारी | ११ | ३२००० |
| जम्मा | | | | | १२८२५०० |

| | |
|---|---|
| अनियमित भएको | १२,८२,५०० |

४५ **स्वास्थ्य शिविर सञ्चालनको अनुगमन भत्ता -** बागमती प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३क ले नगरपालकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले सोही ऐनको अनुसूची-१क. मा उल्लेख भए बमोजिमको सुबिधा मासिक रुपमा पाउने तथा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा तोकेको दरमा दैनिक भ्रमण भत्ता बाहेक अन्य सुबिधा तथा भत्ता नपाउने व्यवस्था गरेको छ । त्यसै गरी भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी तथा कर्मचारीले तोकेको दरमा भ्रमण तथा दैनिक भत्ता बाहेक अन्य भत्ता नपाउने व्यवस्था गरेको छ । प्रजनन् रुग्णता स्वास्थ्य सेवाको लागि कल्याणपुर स्वास्थ्य चौकीमा २०७९।९।३ र ४ गते भएको निशुल्क प्रजनन् स्वास्थ्य शिविरको अनुगमन गरेको भनी मिति २०७९।११।११ मा भौ.नं.२०७ बाट खर्च लेखेकोमा नियममा व्यवस्था नभएको अनुगमन भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | नाम | पद | दिन | भत्ता रकम |
|---|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | २ | ३००० |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | २ | ३००० |
| ३ | पुष्पराज ढकाल | प्र.प्र.अ. | २ | ३००० |
| ४ | भोजराज खनाल | ज.स्वा.अ. | २ | ३००० |
| ५ | शिव प्रसाद सुवेदी | योजना शाखा | २ | ३००० |
| ६ | विश्वज्योति कोइराला | लेखापाल | २ | २००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | दिवानाथ पोखेल | स.ले.पा. | २ | २००० |
| जम्मा | | | | १९००० |

**पोषण कार्यक्रमको अनुगमन भत्ता -** बागमती प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३क ले नगरपालकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले सोही ऐनको अनुसूची-१क. मा उल्लेख भए बमोजिमको सुबिधा मासिक रुपमा पाउने तथा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा तोकेको दरमा दैनिक भ्रमण भत्ता बाहेक अन्य सुबिधा तथा भत्ता नपाउने व्यवस्था गरेको छ । त्यसै गरी भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी तथा कर्मचारीले तोकेको दरमा भ्रमण तथा दैनिक भत्ता बाहेक अन्य भत्ता नपाउने व्यवस्था गरेको छ । पालिकाले २०७९।११।१७ देखि २०७९।१२।७ सम्म विभिन्न स्वास्थ्य संस्था तथा विद्यालयहरुमा भएका बृहत पोषण अन्तर्गतको बृहत पोषण तालिम, समुदायमा पोषिलो खाना प्रबर्द्धन, विद्यालय पोषण समिक्षा तथा विद्यायलमा स्वास्थ्य पोषण कार्यक्रमहरुको अनुगमन गरेको भनी मिति २०७९।१२।२२ मा भौ.नं.२६८ बाट पेश्की फस्यौंट गर्दा नियममा व्यवस्था नभएको अनुगमन भत्ता भुक्तानी असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | नाम | पद | दिन | भत्ता रकम |
|---|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | ५ | ७५०० |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | ५ | ७५०० |
| ३ | शेषकान्त पौडेल | प्र.प्र.अ. | १६ | २४००० |
| ४ | विश्वज्योति कोइराला | लेखापाल | ११ | १६५०० |
| जम्मा | | | | **५५५००** |

**आइएमएनसिआइ अनसाइट कोचिङ्** - स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको आइएमएनसिआइ समीक्षा कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.१.२ को आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्दा सेवाको सूचांकहरु कमजोर रहेको स्वास्थ्य संस्थाहरुमा आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्नुपर्ने कोचिङ्गमा जाँदा तालिम प्राप्त कोच र स्थानीय तहको स्वास्थ्य शाखाबाट जाने व्यक्तिलाई नियमानुसार भत्ता उपलब्ध गराउने व्यवस्था छ । सि.अ.हे.व.अ टंक प्रसाद बसेलले विभिन्न मितिमा निम्न स्वास्थ्य संस्थाहरुमा आइएमएनसिआइ कोचिङ्ग कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक व्यक्ति तथा कार्यक्रम सञ्चालन भएको स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई सहभागी भत्ता तथा अनुगमन भत्ता भुक्तानी गरेकोले कार्यक्रम सञ्चालन मार्गदर्शनले तोकेको भन्दा बाहेक व्यक्तिहरुलाई उपलब्ध गराएको सहभागी तथा अनुगमन भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.

| क.सं. | स्वास्थ्य चौकी | कार्यक्रम मिति | तोकेको भन्दा फरक व्यक्तिको संख्या | भुक्तानी भएको भत्ता |
|---|---|---|---|---|
| १ | गर्दी स्वास्थ्य चौकी | २०८०।२।२४ | ७ | ४९०० |
| २ | बघौडा अस्पताल | २०८०।२।२३ | २७ | १८९०० |
| ३ | अयोध्यापुरी स्वास्थ्य चौकी | २०८०।२।२२ | ११ | ७७०० |
| ४ | आ.स्वा.केन्द्र बाँदरझुला | २०८०।२।२० | ४ | २८०० |
| ५ | कल्याणपुर स्वास्थ्य चौकी | २०८०।२।२५ | ७ | ४९०० |

| क.सं. | नाम | भत्ता | भुक्तानी रकम |
|---|---|---|---|
| १ | प्र.प्र.अ. शेपकान्त पौडेल | अनुगमन भत्ता | ६००० |
| २ | लेखापाल विश्वज्योति कोइराला | अनुगमन भत्ता | ६००० |
| ३ | स.ले.पा. दिवानाथ पोखेल | अनुगमन भत्ता | २८०० |
| ४ | कर सहायक अर्जुन बस्याल | अनुगमन भत्ता | २८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३१,३०० |

४६ **मातृ तथा नवशिशु कार्यक्रमको अनुगमन भत्ता -** बागमती प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३क ले नगरपालकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले सोही ऐनको अनुसूची-१क. मा उल्लेख भए बमोजिमको सुबिधा मासिक रुपमा पाउने तथा आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा तोकेको दरमा दैनिक भ्रमण भत्ता बाहेक अन्य सुबिधा तथा भत्ता नपाउने व्यवस्था गरेको छ । त्यसै गरी भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ अनुसार सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी तथा कर्मचारीले तोकेको दरमा भ्रमण तथा दैनिक भत्ता बाहेक अन्य भत्ता नपाउने व्यवस्था गरेको छ । मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा २०८०।२।२३ देखि २०८०।३।१ सम्म MNH अनसाइट कोचिङ तथा अभिमुखिकरण कार्यक्रमको अनुगमन गरेको भनी मिति २०८०।३।६ मा भौ.नं.४१० बाट खर्च लेखेको नियममा व्यवस्था नभएको अनुगमन भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि.नं. | नाम | पद | दिन | भत्ता रकम |
|---|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | ४ | ६००० |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | ४ | ६००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | शेषकान्त पौडेल | प्र.प्र.अ. | ६ | ९००० |
| ४ | भोजराज खनाल | ज.स्वा.अ. | ७ | १०५०० |
| ५ | टंक प्रसाद बसेल | सि.अ.हे.व.अ | ७ | १०५०० |
| ६ | विश्वज्योति कोइराला | लेखापाल | ५ | ७५०० |
| जम्मा | | | | ४९५०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५०० |

४७ **एमएनएच अनसाइट कोचिङ् -** स्वास्थ्य सेवा विभागले तयार गरेको स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९।८० अनुसारको मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गतको क्रियाकलाप नं.५.१ को MNH अनसाइट कोचिङ कार्यक्रम सञ्चालन गर्दा नर्सिङ सहभागी र एक जना कार्यालय सहयोगीलाई खाजा तथा यातायात खर्च उपलब्ध गराउने व्यवस्था भएकोमा ज.स्वा.अ. भोजराज खनालले विभिन्न मितिमा निम्न स्वास्थ्य संस्थाहरुमा MNH अनसाइट कोचिङ्ग कार्यक्रम सञ्चालन गरी मिति २०८०।३।४ मा भौ.नं.४०५ बाट पेश्की फस्यौंट गरेकोमा कार्यक्रम सञ्चालन मार्गदर्शनले नतोकेको सहभागी भत्ता समेत भुक्तानी गरेकोले उपलब्ध गराएको सहभागी भत्ता असूल गरी दाखिला गर्नुपर्ने रु.

| स्वास्थ्य चौकी | | | कार्यक्रम मिति | |
|---|---|---|---|---|
| **बघौडा अस्पताल** | | | **२०८०।२।२६ देखि २८ सम्म** | |
| क्र.सं. | नाम | पद | कार्यालय | सहभागी भत्ता |
| १ | कल्पना ढुंगाना | स्टाफ नर्स | बघौडा अस्पताल | २१०० |
| २ | टिका कुमारी तिवारी | सि अनमी | | २१०० |
| ३ | सिर्जना अर्याल | नर्सिङ अधिकृत | | २१०० |
| ४ | कष्ण कुमारी महतो | सि अनमी | | २१०० |
| ५ | उन्नति कुमारी | स्टाफ नर्स | | २१०० |
| ६ | पार्वती तिवारी | सि अनमी | | २१०० |
| ७ | अनिता पाण्डे | सि अनमी | | २१०० |
| ८ | महेश्वरी न्यौपाने | सि अनमी | | २१०० |
| ९ | तारा परियार | सि अनमी | | २१०० |

| | | | | |
|---|---|---|---|---|
| १० | भागिरथी महतो | अनमी | | २१०० |
| ११ | पार्वती महतो | अनमी | | २१०० |
| १२ | कुममाया बोट | अनमी | | २१०० |
| १३ | कोपिला बोट | अनमी | | २१०० |
| १४ | सृष्टि के.सी. | सि अनमी | | २१०० |
| **अयोध्यापुरी स्वास्थ्य चौकी** | | | **२०८०।२।२३ देखि २५ सम्म** | |
| १ | सरस्वती पौडेल | सि अनमी | अयोध्यापुरी स्वा.चौकी | २१०० |
| २ | मीना कुमारी चौधरी | अनमी | | २१०० |
| ३ | निरु लामिछाने | अनमी | | २१०० |
| ४ | सविना के.सी. | अनमी | | २१०० |
| ५ | हरिमाया गायक | अनमी | | २१०० |
| ६ | साबित्री आचार्य | अनमी | | २१०० |
| ७ | रिता विष्ट | अनमी | | २१०० |
| ८ | संगिता कुँवर | अनमी | | २१०० |
| ९ | सम्पदा सुवेदी | अनमी | | २१०० |
| १० | समिता थनेत | अनमी | | २१०० |
| **कुल जम्मा** | | | | **५०४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,४०० |

४८ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.६७५८५००।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.३२००००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| पेश्की लिएको गो भौ र मिति | पेश्की विवरण | पेश्की लिनेको विवरण | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| ७८१/२०७९।१०।१० | स्वास्थ्य जनसंख्या तथा वातावरण सचेतना | अ.हे.व.टेक नारायण पाठक | | १५०००० |
| १३३५/२०८०।१।१९ | कर्मचारी बिमा | ह.स.चा.रवि महतो | | २०००० |
| १३४७/२०८०।१।२७ | सरसफाई तथा क्षमता अभिबृद्धि | स.चौथौं सुशिला दाहाल | | १५०००० |
| २५३/२०७९।४।१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति | इच्छाकामना निर्माण सेवा | ९००००० | |
| २५३/२०७९।४।१ | सडक तथा पुल निर्माण | जि.एम.आर.कन्स्ट्रक्सन नेपाल प्रा.लि. | ९५०००० | |
| २५३/२०७९।४।१ | सडक तथा पुल निर्माण | लोहनी एण्ड कन्स्ट्रक्सन् | १७००००० | |
| २५३/२०७९।४।१ | सडक तथा पुल निर्माण | लोहनी जि.एम.आर. कन्स्ट्रक्सन् जे.भी. | ९५०००० | |
| २५३/२०७९।४।१ | अन्य सार्वजनिक निर्माण | सिटी बिल्डर्स | ३५०००० | |
| ९६६/२०७९।११।१२ | पदाधिकारी क्षमता विकास कार्यक्रम | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १८८५०० | |
| १०/२०८०।२।१० | वडा नं १ सडक कालोपत्रे | साबिक एण्ड एल्पस कन्स्ट्रक्सन् जे.भी. | १४००००० | |
| **जम्मा** | | | **६४३८५००** | **३२००००** |

| | |
|---|---|
| पेश्की | ३,२०,००० |

४९ **निकासी कर आय ठेक्का -** पालिकाले निकासी कर आयको (कवाडी, वनकस, खर, बाबियो, छ्वाली, पराल लागयत) लागत अनुदान न्यूनत्तम रु.२३ लाख नघट्ने गरी स्वीकृत गरी लागत अनुमान भन्दा रु.८०२०००।०० बढीले रु.३१०२०००।०० बराबरको निकासी कर दरभाउपत्र मार्फत ३ किस्तामा भुक्तानी हुने गरी होम बहादुर डाल मगरसँग मिति २०७९।४।३ मा सम्झौता गरेको देखियो । सम्झौता बमोजिम पहिलो किस्तामा चलान पूर्जी लिनु अगाबै रु.१०३४०००।००, दोस्रो किस्ता २०७९ पौष १ गतेसम्म रु.१०३४०००।०० र अन्तिम किस्ता २०७९ चैत्र मसान्तसम्म रु.१०३४०००।०० बुझाउने सम्झौता भएकोमा सम्बन्धित व्यक्तिले पहिलो किस्तावापत रु.१०३४०००।०० पालिकाको आन्तरिक र राजश्व खातामा दाखिला गरेकोमा दोस्रो र तेस्रो किस्ता वापतको रु.२०६८०००।०० लेखापरीक्षण अवधिसम्म समेत राजश्व दाखिला गरेको नदेखिएकोले सम्बन्धितबाट निकासी कर असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६८,००० |

५० **हेभी ईक्विपमेन्टको आम्दानी तथा खर्च -** पालिकाले यस वर्ष हेभि ईक्युपमेन्ट सञ्चालनबाट रु. २६८७७३१७.५० आम्दानी प्राप्त गरेको छ भने पारिश्रमिकमा रु. १०५०००००, ईन्धनमा रु. २५२००००० र मर्मतमा रु. १३७२२९२३ समेत गरी जम्मा रु. ४९४२२९२३ भुक्तानी गरेको विवरण प्राप्त भएको छ।जसअनुसार पालिकामा हेभि ईक्युपमेन्ट सञ्चालनबाट रु.२२५४५६०५.५० नोक्सानीमा रहेको देखिन्छ।यस सम्बन्धमा आफ्ना योजना संचालनमा हेभि ईक्युपमेन्टको प्रयोग गरी विभिन्न सडक योजनाहरु निर्माण गरिएको हुदा हेभि सवारी साधनको आम्दानी न्यून देखिएको पालिकाको भनाई छ।साथै हेभि ईक्युपमेन्टको इन्धन तथा मर्मत खर्चमा हुन सक्ने चुहावट नियन्त्रण गरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५१ **खरिद योजना तथा गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३०७७४६४११.८९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५२ **सफ्टवेयर खरिद तथा स्वीकृती -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले वडा तथा नगरपालिकामा विद्युतिय हाजिरि र इलेक्ट्रोनिक पेमेन्ट गेटवेका लागि सफ्टवेयर खरिदमा क्रमश: रु.४४९९५०।०० र ४९८३३०।०० समेत रु.९४८२८०।०० खर्च गरेकोमा खरिद

भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

५३ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३७.५२ देखि २०.०२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | दर्ता नं | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | बघौडा अस्पतालमा इन्डोर ब्लक भवन निर्माण | ११ | आर एन सफल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १५९८५१९९.९६ | ११३०४६०५.१२ | २९.२८ |
| २ | जनकल्याण माविको ८ कोठे भवन निर्माण | ९ | भिजन इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रालि | १२६१७०९२.३१ | ८००९१९३.२६ | ३६.५ |
| ३ | खेलकुद पूर्वाधार निर्माण | ११ | भिजन इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रालि | १६५२६५९६ | १०४७७१७९.०८ | ३६.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | दिवाकर स्मृति विद्यालय भवन निर्माण | १५ | चारुमती कन्स्ट्रक्सन प्रालि | १८५९१७३३ | १२३७०८८५.१ | ३३.४६ |
| ५ | दिवाकर स्मृति विद्यालय माडी ५ रमाइलो डाँडाको ८ कोठे भवन निर्माण | ८ | निभानी कन्स्ट्रक्सन एण्ड प्रालि | १२०२७७८१.५८ | ७८३७८९० | ३४.८४ |
| ६ | नगरपालिका भवन तला थप | ५ | सायरस इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन | ४९९९६९१.६८ | ३९९८७३२.७३ | २०.०२ |
| ७ | बगोडा अस्पतालको जमिन तला | ९ | निभानी कन्स्ट्रक्सन एण्ड प्रालि | १९९९२९०९.९ | १२९३५१८४.२१ | ३५.३० |
| ८ | दराईचोक देखि बहुमुखि शिवालय सडक कालोपत्रे | ४ | पाठक कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १९९९७५५६.५४ | १४७३२५७३.९ | २६.३३ |
| ९ | बघौडा अस्पताल पहिलो तला | ८ | निभानी कन्स्ट्रक्सन एण्ड प्रालि | ५९९९९२९.४९ | ३७४८६७३.३२ | ३७.५२ |
| १० | शिवराजपुरी ढिकुरबारी वडा नं ५-६ सडक कालोपत्रे | ११ | लोहनी एण्ड सन्स कन्स्ट्रक्सन प्रालि | १९९९६२५७.९० | १२५४०२१६ | ३७.२९ |

५५ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको

हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५६ **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|
| बगौडा अस्पतालको जमिन तला | २०७८।१२।३० | १२९३५१८४.१९ | २०८०।३।२० | २०८०।१२।३० | ४७ |
| दराईचोक देखि बहुमुखी शिवालय सडक कालो पत्रे | २०७८।८।२० | १४७३२५७३।९ | २०७९।२।२० | २०८०।३।१५ | २१७ |
| बघौडा अस्पतालको पहिलो तला | २०७८।१०।२८ | ३७४८६७३।३२ | २०७९।३।१५ | २०८०।३।२२ | २४८ |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ४ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका २ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी

निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

५७ **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले सो निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार परामर्शदाताबाट देहायबमोजिमको परामर्श कार्यमा रु.२५४७८२२.९९ खर्च गरी प्राप्त प्रतिवेदनहरु पूर्णरुपमा कार्यान्वयनमा गएको देखिँदैन ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| नगरपालिकाको तला थपमा कोर्टरुम डिपिआर | आर्जब इन्जिनियरिङ्ग एण्ड कन्सट्रक्सन प्रालि | ४९९९८५.४५ | ४९६००० | ८६८९५३६.७० |
| वडा नं १ र ९ को सडक डिपिआर | आर एण्ड बि इन्जिनियरिङ्ग प्रालि | २९००००.०० | २८४८८२.०४ | १६३४९६४३८.४१ |
| वघौडा हस्पिटलको इन्डोर ब्लकको डिपिआर | एडभान्स क्रियटिभ ग्रुप इन्जिनियरिङ्ग ग्रुप | ५०००००.०० | ४९६०७० | २०८००८६०.०५ |
| कान्छी बगई खोला पुलको डिपिआर | साटा इन्जिनियरिङ्ग कन्स्लटेन्सी | २८९६१०.४० | २७६८५० | ११०१४०५९.९५ |
| घोसरी खोला पुलको डिपिआर | सुन्दर कृति कन्स्लटेन्सी | ४९९९०४.०० | ४९६१९९.९५ | ६७८४६७४७.४३ |
| वडा नं १,४ र ७ कार्यालय भवनको डिपिआर | साहार इन्जिनियरिङ्ग कन्स्लटेन्सी | ५०००००.०० | ४९७८२१ | ९०९००१८९.०३ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

५८ **वडा संचालन खर्च -** वित्तीय विवरण अनुसार ९ वडाहरुको चालु र पूँजीगत शिर्षकमा देहाय बमोजिम खर्च भएको पाइयो। यस सम्बन्धमा देखिएका ब्यहोराहरु देहाय बमोजिम छन ।

| चालु | पुजिगत |
|---|---|

| वडा | विनियोजन | खर्च | खर्च (%) | मौज्दात | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३,४७५,०००.०० | २,५९६,६२७.२२ | ७४.७२ | ८७८,३७२.७८ | ८,५२५,०००.०० | ६,७५६,७५७.६८ | ७९.२५ | १,७६८,२४२.३२ |
| २ | ३,३२५,०००.०० | २,५३१,३२४.३३ | ७६.१३ | ७९३,६७५.६७ | ७,६७५,०००.०० | ६,८५७,२७८.६३ | ८९.३४ | ८१७,७२१.३७ |
| ३ | ३,०२०,०००.०० | १,६१८,२९१.४३ | ५३.५८ | १,४०१,७०८.५७ | ७,९८०,०००.०० | ७,४९३,०२१.३५ | ९३.८९ | ४८६,९७८.६५ |
| ४ | २,६००,०००.०० | २,०११,८४३.२५ | ७७.३७ | ५८८,१५६.७५ | ७,४००,०००.०० | ६,९४४,४१९.११ | ९३.८४ | ४५५,५८०.८९ |
| ५ | ४,५५०,०००.०० | ३,२७४,८५८.०० | ७१.९७ | १,२७५,१४२.०० | ५,४५०,०००.०० | ५,१५९,१०१.५० | ९४.६६ | २९०,८९८.५० |
| ६ | २,५२०,०००.०० | १,८६५,९६८.७६ | ७४.०४ | ६५४,०३१.२४ | ८,४८०,०००.०० | ५,९१६,५४३.४४ | ६९.७७ | २,५६३,४५६.५६ |
| ७ | २,७४०,०००.०० | १,७७६,८५१.९४ | ६४.८४ | ९६३,१४८.०६ | ८,२६०,०००.०० | ७,३२२,११५.८० | ८८.६४ | ९३७,८८४.२० |
| ८ | ३,५५५,०००.०० | २,८५२,११२.७२ | ८०.२२ | ७०२,८८७.२८ | ६,४४५,०००.०० | ४,५६३,१९४.८० | ७०.८ | १,८८१,८०५.२० |
| ९ | ३,७५०,०००.०० | २,५२०,९४०.०० | ६७.२२ | १,२२९,०६०.०० | ११,२५०,०००.०० | ९,९२३,९७२.५८ | ८८.२१ | १,३२६,०२७.४२ |
| | २९,५३५,०००.०० | २१,०४८,८१७.६५ | ६४०.०९ | ८,४८६,१८२.३५ | ७१,४६५,०००.०० | ६०,९३६,४०४.८९ | ७६८.४० | १०,५२८,५९५.११ |

सबै वडामा वडा संचालन खर्चमा एकरुपता हुन सकेको छैन । वडाले धेरैजसो अवण्डा बजेट राख्रे र कुनै रकम भुक्तानी माग गर्दा बजेट शिर्षक समेत तोकेर वडाबाट खर्च सिफारिस हुने गरेको पाईयो । अवण्डा राखिएका धेरैजसो खर्च वितरणमुखी रहेका छन । नगरपालिकाले संचालन खर्च र वितरणमुखी खर्च कम गर्दै पूँजिगत खर्च बढाउनुपर्ने देखिन्छ । नगरपालिकाले वडा नं १ देखि ९ सम्म कार्यबोझको आधारमा संचालन खर्चको बजेट सिलिङमा एकरुपता हुने गरी सभाबाट बजेट स्वीकृत गरी सोहि अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

५९ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कल्भर्ट, कजवे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| कुडारी खोलामा कल्वर्ट निर्माण उपभोक्ता समिति | कल्वर्ट निर्माण | १५००००० |
| भ्यागुते खोलामा कल्भर्ट निर्माण उपभोक्ता समिति | कल्वर्ट निर्माण | १४७५००० |
| इन्द्रबस्तीबाट जिवनपुर जाने बाटोमा कल्भर्ट निर्माण | कल्वर्ट निर्माण | ७००००० |
| १ र २ जोड्ने अजिंगरे खोला कुमाल कान्छाको घरनिर कल्भर्ट निर्माण | कल्वर्ट निर्माण | २६००००० |
| सुपारे खोला रामराज्यपुरमा कजवे निर्माण | कजवे निर्माण | ४००००० |

| | | |
|---|---|---|
| ढोढरी कल्भर्ट निर्माण | कल्वर्ट निर्माण | १०००००० |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

६० **सामुदायिक वन उपभोक्ता समिति -** स्थानिय सरकार संचालन ऐन,२०७४(संशोधन सहित) को दफा ६२(ख) १ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा ६२(ख) २ मा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको क्षेत्रभित्र रहेका निम्न ७ सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना पालिकामार्फत स्वीकृत गराउने नगरेको तथा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको सञ्चित कोषमा दाखिल गरेको देखिएन ।ऐनमा व्यवस्था भए बमोजिम सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिश्त रकम पालिकाको संचित कोषमा दाखिला गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं. | सामुदायिक वन उपभोक्ता समिति |
|---|---|
| १ | चुरे सामुदायिक वन उपभोक्ता समिति माडी १ |
| २ | सोमेश्वर मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति |
| ३ | वैकुण्ठ मध्यवर्ति सामुदायिक वन उपभोक्ता समिति |
| ४ | परवई मध्यवर्ति सामुदायिक वन उपभोक्ता समिति |
| ५ | टम्टा अनार सामुदायिक वन उपभोक्ता समिति |
| ६ | गोविन्देश्वर सामुदायिक वन उपभोक्ता समिति |
| ७ | हरियाली सामुदायिक वन उपभोक्ता समिति |

६१ **उपभोक्ता समिति कार्यको बिमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७क बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रु.२० लाख भन्दा बढी मूल्यको कार्य गराउँदा सम्झौता रकममा बिमा वापतको खर्च ब्यहोर्ने रकम समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्राही समुदायले उपनियम १ बमोजिम गराउनुपर्ने तथा बिमा गराउने कार्यको लागि सम्बन्धित सार्वजनिक निकायले सहजीकरण गरिदिनुपर्ने व्यवस्था छ ।पालिकाबाट यस वर्ष रु.१५०८३१७३६.०० को कार्य उपभोक्ता समितिमार्फत गराएकोमा २० लाख भन्दा माथिको कुनै पनि योजनामा बिमा गरिएको छैन ।नियमावलीमा व्यवस्था भए बमोजिम उपभोक्ता समितिद्धारा गरिने निर्माण कार्यमा बिमा गराउने कार्यको लागि पालिकाले आवश्यक सहजीकरण गरी अनिवार्य रुपमा बिमा गराउनु पर्दछ ।

६२ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

६३ **कर्मचारी व्यवस्था -** बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ ।पालिकाले इन्जिनियर, अधिकृत छैठौं, सब-इन्जिनियर, कम्प्युटर अपरेटर, असिष्टेन्ट सब इन्जिनियर, सहायक पाँचौं तथा चौंथो, सामाजिक परिचालक, हेभी चालक तथा हल्का सवारी चालक, कार्यालय सहयोगी तथा सरसफाईकर्मी लगायतका ५९ पदहरुमा कर्मचारी करार तथा ज्यालादारीमा नियुक्त गरी तलव भत्ता रु.२९६५०२२४।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत करार तथा ज्यालादारीमा इन्जिनियर, अधिकृत छैठौं, सब-इन्जिनियर, कम्प्युटर अपरेटर, असिष्टेन्ट सब इन्जिनियर, सहायक पाँचौं तथा चौंथो, सामाजिक परिचालक पदमा २२ कर्मचारी नियुक्त गरी रु.१३३०९६९३.४० गरेको भुक्तानी अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,३३,०९,६९३.४ |

६४ **तलबी प्रतिवेदन -** बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(५) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब भत्ता प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३६ कर्मचारीको रु.२४४०४५४०.८० पालिकाका ३२ कर्मचारीको रु.१९५२९०३३.९८ समेत रु.४३९३३५७४.७८ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६५ **करारका कर्मचारीलाई सञ्चय कोष -** बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७३ अनुसार स्थानिय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी बाहेक अन्य करार तथा ज्यालादारीमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई मासिक तलबमा सञ्चय कोष कट्टी गरी सो कट्टी बराबर स्थानीय तहले थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने व्यवस्था देखिँदैन । पालिकाले कर्मचारी कल्याणकोष विनियमावली २०७५ तर्जुमा गरी सो बमोजिम प्रत्येक महिना अस्थायी करार कर्मचारीको तलबबाट कट्टा गरिएको १० प्रतिशत बराबरको रकम र सोही रकम बराबरको रकम पालिकाबाट उपलब्ध गराइने व्यवस्था गरेकोमा आर्थिक वर्ष २०७८।७९ को नवौं नगर सभाबाट २०७५।०७६ को श्रावण महिना देखि तलबमानको दश प्रतिशत कट्टी गरिएको रकम र सोही बमोजिम पालिकाद्धारा थप गरिएको रकम पालिकाद्धारा विविध खर्च खाता(ग २-७)को गो भौ र मिति ६-२०७९।५।२८ मार्फत विभिन्न ३८ जना कर्मचारीहरुलाई रु.४४४९२५०।००( पालिकाद्धारा थप रु.२२२४६२५।००) फिर्ता गरेको देखियो । यसले पार्न सक्ने

दूरगामी असर तथा पालिकाको आन्तरिक स्रोत समेतलाई मध्यनजर गरी सम्बन्धित कार्यक्रम संचालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६६ **लघु उद्यम विकास कार्यक्रम -** कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ को दफा ७.१.१५ ले सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ। यस मापदण्डले नगरपालिकास्तरमा सञ्चालन हुने ३० कार्यदिन सम्म सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई प्रतिदिन रु.७००।- र ३० कार्यदिन भन्दा बढी अवधि सञ्चालन हुने सीप विकास तालिम सञ्चालन गर्दा मुख्य प्रशिक्षकलाई मासिक रु.१००००।- का दरले प्रशिक्षक भत्ता उपलब्ध गराउनुपर्ने व्यवस्था छ। नगरपालिकाले विभिन्न स्थानमा सीप विकास तालिम सञ्चालन गर्दा निम्न प्रशिक्षकलाई कार्यक्रम सञ्चालन निर्देशिकाले तोकेको दरभन्दा बढी दरमा प्रशिक्षक भत्ता उपलब्ध गराएकोले कर कट्टी पछीको बढी खुद भुक्तानी असूल गरी दाखिला गर्नुपर्ने रु.

| तालिमको नाम | अवधि | प्रशिक्षक | भुक्तानी भएको प्रशिक्षक भत्ता | निर्देशिकाअनुसार भुक्तानी हुनुपर्ने | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| बुटिक तालिम | २०७९।१२।१४-२०८०।०३।१५ | सुनसरी थापा | ९०००० | ३०००० | ५१००० |
| डल कुसन | २०८०।०१।८-२०८०।०१।२७ | चन्दा गुरुङ | ४०००० | १४००० | २२१०० |
| डल कुसन | २०८०।०१।२८-२०८०।०२।१७ | चन्दा गुरुङ | ४०००० | १४००० | २२१०० |
| क्रिसटलको चुरा बनाउने तालिम | २०७९।१२।२८-२०८०।१।१७ | सरिता थापा | ४०००० | १४००० | २२१०० |
| डल कुसन | २०८०।२।२-२०८०।२।२१ | सरिता थापा | ४०००० | १४००० | २२१०० |
| जम्मा | | | २५०००० | ८६००० | १३९४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,४०० |

६७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

६८ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४१ वटा सहकारी संस्था रहेकोमा ९ सहकारी संस्थाले मात्र COPOMIS को प्रयोग गरेकोमा ४ सहकारी संस्थाले मात्र मासिक प्रतिवेदन उक्त प्रणालीमा दाखिला गरेको पालिकाले जनाएको छ ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन।तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

६९ **फोहोरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

७० **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन**,** २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी**,** दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

७१ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ५४ जनालाई औसत ९५.२ दिनले ५१४४ दिन रोजगारी उपलव्ध गराई रु.३१४८१२८।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७२ **शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था -** आ.व. २०७९/८० मा पालिका अन्तर्गतक विद्यालयमा शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेको छ।

| विद्यालय संख्या | कुल दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये स्थायि | पदपूर्ति मध्ये करार | विद्यार्थि संख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | २७६ | २४५ | १५३ | ९२ | ८६३९ |

पालिका अन्तर्गत ३१ विद्यालयहरुमा शिक्षकहरुको कुल दरबन्दी २७६ रहेकोमा २४५ शिक्षकहरुको मात्रै पदपूर्ति भएको देखिन्छ। विद्यालयमा स्वीकृत दरबन्दी अनुसार स्थायी शिक्षक पदपूर्ति गर्नतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

७३ **प्राविधिक भत्ता -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को खण्ड २ अन्तर्गतको स्थानीय तहबाट सम्पादन हुने सशर्त अनुदानका सब बजेट उपशीर्षकहरुको कार्यक्रम कार्यान्वयन प्रक्रिया एवं मापदण्डको बुँदा नं २.२ मा प्राविधिक धारमा कक्षा ९-१२ मा कार्यरत प्रशिक्षकलाई प्रति महिना रु.३०००।०० का दरले १० महिना मात्र प्राविधिक भत्ता उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले प्राविधिक धारमा सञ्चालित माडी माध्यमिक विद्यालय, बसन्तपुरले सहायक प्रशिक्षक नियुक्ति गरी मासिक रु.१५००।०० का दरले १२ महिना प्राविधिक भत्ता उपलब्ध गराएकोले प्रशिक्षक बाहेललाई भुक्तानी भएको प्राविधिक भत्ता असूल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| क्र सं | प्रशिक्षक (शिक्षक) को नाम | तह/श्रेणी | प्राविधिक भत्ता |
|---|---|---|---|
| १ | एक नारायण काफ्ले | सहायक प्रशिक्षक | १८०००।- |
| २ | झलक पौडेल | सहायक प्रशिक्षक | १८०००।- |
| जम्मा | | | ३६००० |
| | | असुल गर्नुपर्ने | ३६,००० |

७४ **प्राविधिक भत्ता -**

***............................(प्रारम्भिक प्रतिवेदन उपर प्राविधिक भत्ता बढी भुक्तानी असूल गरी दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.२४०००।- सम्परीक्षण गरिएको ।)***

७५ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति लगायतका सबै विवरण भण्डार दाखिला गर्दा समेत खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय हस्तान्तरित सशर्त अनुदान बजेट उप शिर्षकबाट विभुम मेडिसिन सप्लायर्स, काठमाण्डौंसँग रु.१९२६१२९.८० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन ।

अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

७६ **शिक्षातर्फ (संघीय सशर्त अनुदान)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार संघीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१३ अन्तर्गतको उपक्रियाकलाप नं.९.१२ को नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि पालिकाले माडी माध्यमिक विद्यालयलाई नमुना विद्यालय छनौट गरी स्वीकृत गुरुयोजनाका आधारमा निर्माण भएको वार्षिक कार्यान्वयन योजना अनुसार विद्यालयबाट पेश भएको प्रस्ताव अनुसार विधिन्न क्रियाकलापहरु सञ्चालन गर्न विद्यालयसँग सम्झौता गरी रु.५० लाख रुपैयाँ संघीय सञ्चित कोषबाट अनुदान रकम भुक्तानी भएकोमा विद्यालयले प्रस्तावित विभिन्न क्रियाकलापहरु पुस्तकालय सहायक व्यवस्थापन, सवारी सहचालक व्यवस्थापन, सुरक्षा गार्ड व्यवस्थापन, शिक्षक व्यवस्थापन, विद्यार्थी शैक्षिक भ्रमण, शिक्षकलाई ल्यापटप तथा फोटोकपि मेसिन खरिद, बालमैत्री डेक्स बेञ्च तथा शिक्षक प्रोत्साहन लगायतका क्रियाकलापमा यस वर्ष जम्मा रु.४३५४९८४।— खर्च भई बाँकी रु.६४५०१६।—विद्यालयको खातामा राखिराखेकोले संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४५,०१६ |

७७ **प्रति विद्यार्थि लागत -** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थि लागत देहाय बमोजिम रहेको छ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थि संख्या | प्रति विद्यार्थि लागत |
|---|---|---|---|---|
| संघिय सरकारबाट हस्तान्तरित | २०४३७७००० | २०४३४२२१०.६९ | ८६३९ | २८७०६.१३ |
| प्रदेश सरकारबाट हस्तान्तरित | १७०४००० | १६६८९१९.८० | | |
| स्थानिय तहको बजेट | ५५१०६०५९ | ४१९८१०९७.६५ | | |
| जम्मा | २६११८७०५९ | २४७९९२२२८.१४ | | |
| (नोटः बाँकी बजेट आ व २०७९/८० मा फिर्ता गरिएको) | | | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु. २८७०६.१३ रहेको देखिन्छ।

७८ **छात्रवृत्ती भर्पाई -** पालिकाले गो भौ र मिति १६१५-२०८०।३।१२ मार्फत माडी नगरपालिकाको छात्रवृत्रि वित्तिय सहायता कार्यविधि, २०७८ बमोजिम माध्यमिक तहमा अध्ययन गर्ने आर्थिक रुपले विपन्न तथा

सिमान्तिकृत विधार्थीका छात्रवृत्रि कार्यक्रमका लागि प्रति विद्यालयमा रु.१२००००।०० को दरले निम्न ३ विद्यालयलाई रु.३६००००।०० खर्च लेखेकोमा उक्त विद्यालयमार्फत विद्यार्थीहरुलाई छात्रवृत्रि वापतको रकम प्रदान गरिएको आवश्यक प्रमाण पेश नहुँदा सो बराबरको रकम सम्बन्धित विद्यार्थीद्धारा छात्रवृत्ति बुझेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल उपर गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | छात्रवृत्रि रकम |
|---|---|---|
| १ | श्री जनजिवन माध्यमिक विद्यालय माडि-८ खरकट्टा | १२०००० |
| | जम्मा | ३६०००० |

***............................(प्रारम्भिक प्रतिवेदन उपर जनकल्याण मा.वि. र सोमेश्वर मा.वि. ले छात्रवृत्ति सम्बन्धितलाई हस्तान्तरण गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२३ को निर्णयबाट रु.२,४०,०००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२०,००० |

७९ **विद्यार्थि अनुपात -** पालिकाले तयार गरेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन।

| क्र. सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थि संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ३१ | ८६३९ |
| २ | संस्थागत विद्यालय | ५ | १४४८ |
| जम्मा | | ३६ | १००८७ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विद्यार्थी संख्या १००८७ रहेकोमा ८५.६४ प्रतिशत सामुदायिक र १४.३६ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ।

८० **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेका छन ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन ।साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| गो भौ नं र मिति | विवरण | फर्मको नाम | रकम |
|---|---|---|---|
| २४८-२०८०-३-१७ | नयाँ धानबाली पकेट विकास कार्यक्रम | जनजागरण कृषक समुह | ११४३०३९.९१ |
| ४२६-२०८०-३-१५ | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | गर्दि महिला तथा साना किसान कृषि सहकारी संस्था | ९२७९९०.८५ |
| ४४४-२०८०-३-१८ | नीजि स्तरमा मौरी श्रोत केन्द्र स्थापना | सोमेश्वर मौरी कृषक समुह | १३६०१८० |
| ३६८-२०८०-२-१९ | तरकारी पकेट विकास कार्यक्रमको निरन्तरता | एकिकृत कृषक समुह | ४६११४१ |
| ३६४-२०८०-२-१८ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | बिहानी कृषक समुह | ७३४१६८.७१ |
| २०२-२०७९-११-०५ | नयाँ मौरी पकेट विकास कार्यक्रम | सोमेश्वर मौरी कृषक समुह | ११९७५०० |
| ३९९-२०८०-२-३२ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान | कृषकहरु | ९९९९८७.५० |
| जम्मा | | | ६८२४००७.९७ |

८१ **स्वास्थ्य बीमा कार्यक्रम** - माडी नगरपालिका भित्र बसोबास गर्ने जनसमुदायको आधारभूत स्वास्थ्यमा सहज र सुलभ पहुँच अभिबृद्धि गर्न तर्जुमा भएको माडी नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ६ अनुसार स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनका लागि पालिकाले यस बर्ष २३७८ लाई रु.८३७७०५०।- आर्थिक सहुलियत उपलब्ध गराएकोमा विभिन्न वर्ग अन्तर्गत पर्ने आर्थिक सहुलियत प्राप्त गर्ने परिवार र आर्थिक सहायता निम्नानुसार रहेको छ ।

| क्र.सं. | स्वास्थ्य बीमा गरिएको परिवार वर्ग | परिवार संख्या | सहुलियत रकम |
|---|---|---|---|
| १ | अति विपन्न | १७३९ | ६०६९७०० |
| २ | ख वर्गको अपाङ्गता | २८ | २२०५०० |
| ३ | ग वर्गको अपाङ्गता | ६ | १०५०० |
| ४ | महिला स्वास्थ्य स्वयं सेविका | ८ | १४००० |
| ५ | असक्त असहाय एकल महिला | १७ | ५९५० |
| ६ | अति विपन्न दलित | २४९ | ८७६००० |
| ७ | पिछडिएको जाति | ३२९ | ११७२७०० |

| | | | |
|---|---|---|---|
| ८ | जटिल दीर्घ रोगी | २ | ७०० |
| जम्मा | | २३७८ | ८३७७०५० |

यसैगरी बीमा कार्यक्रम सञ्चालन कार्यविधिको दफा ११ मा बीमा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा बीमितको उपचार व्यवस्थाका लागि बघौडा अस्पताल जिम्मेवार हुने व्यवस्था रहेकोमा बीमित मध्ये के-कतिले यस अस्पतालबाट उपचार सुबिधा लिए त्यसको विवरण अस्पतालले दिएको छैन । पालिकाले अनुदान प्राप्त गर्ने बीमितहरु के-कतिले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पर्ने उपचार सुबिधा लिए त्यसको अनुगमन समेत गरेको नदेखिएकोले पालिकाले प्रदान गरेको आर्थिक सहुलियतको प्रभावकारी उपयोग भयो भन्न सकिने अवस्था रहेन ।

८२ **न्यानो झोला** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष ५०० थानको रु.४८८६१०।- र यस वर्ष ४०६ थान को रु.३६४२७१.३२ खरिद गरेकोमा गत वर्ष ३०० जना र यस वर्ष ३६५ जना गरी ६६५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २५६ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

८३ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ... जना रहेका छन। पालिकाले हलेशी मेडिसिन सप्लायर्स, ललितपुरबाट ३२५४२ थान स्यानिटरी प्याड रु.१८०१८५०.५४ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा तश्रो त्रैमासिकमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

८४ **भूमिहिन दलित र सुकुम्बासी तथ अव्यवस्थित बसोबासको लगत संकलन** - यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन। पालिकाले सम्बन्धित वडा मार्फत संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएकोमा सो निवेदन कम्प्युटरमा प्रविष्टी गरी निस्सा वितरणको कार्य भईरहेको छः

| क्र.सं. | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | ७२० घरधनी |
| २ | भूमिहिन सुकुम्बासी | १४९३ घरधनी |
| ३ | अव्यवस्थित बसोबास | ३२११ घरधनी |
| **जम्मा निवेदन** | | **५४२४ घरधनी** |

यस कार्यक्रम अन्तर्गत हाल सम्म २१६० कित्ताको १३२० बिगाहा ऐलानी जग्गा नापी कार्य भई ४० वटा लालपूर्जा वितरणको लागि तयार भएको पालिकाको भनाई रहेको छ।

८५ **सामाजिक सुरक्षा भत्ता -** यस नगरपालिकाको २०६८ सालको जनगणना अनुसार कुल जनसंख्या ३८२९५ रहेकोमा आ.व. २०७९/०८० मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही ५०५२ जना रहेको छ। जुन पालिकाको कुल जनसंख्याको लाभग्राहीको संख्या १३.१९ प्रतिशत रहेको छ।

| २०७८ को जनगणना अनुसार पालिकाको जनसंख्या | लाभग्राहीको संख्या | कुल जनसंख्याको आधारमा लाभग्राही प्रतिशत | जम्मा वितरण भएको रकम |
|---|---|---|---|
| ३८२९७ | ५०५२ | १३.१९ | १९२४९१२२० |

**संपरीक्षणबाट थप भएको बेरूजू**

| **क्र.सं.** | **बेरुजुको विवरण** | **रकम** |
|---|---|---|
| १ | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९(४) मा स्थानीय सेवा पदमा बहाल रहेका स्थायी कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदा गर्नको लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष स्थानीय सेवामा बहाल रहेका स्थायी तथा करारमा कार्यरत कर्मचारीहरुलाई कानून तथा कार्यविधि नबनाई पालिकाको आन्तरिक स्रोत समेतको यकीन नगरी मासिक रुपमा प्रोत्साहन भत्ता बापत रु.६१५७२४८।- भुक्तानी गरेको छ । | 0.00 |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : माडी नगरपालिका, चितवन , माडी नगरपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शेषकान्त पौडेल | २०७९-११-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Puspa Raj Dhakal | २०७८-२-१६ | २०७९-११-१ |
| लेखा प्रमुख | विश्व ज्योती कोईराला | २०७७-४-१ | २०८०-६-२९ |

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | हरि शरण सोती | २०८०-६-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,१२४,७६१.५३ | १४,६५६,३७७.४ | १,७८७,०७५.२ | ० | ० | ३२०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २६,८८८,२१४.१३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,३००,२४८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २३,५८७,९६६.१३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १७०८६५६६३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७६२६४८७०.१ | **चालु खर्च** | ६१९६७४६९६ |
| **प्रदेश सरकारबाट अनुदान** | ४५५८३५४५.६३ | **पूँजीगत खर्च** | ३०७७४६४११.९ |
| **राजश्व बाँडफाँट** | १८१०८१४८९.३ | **वित्तीय/अन्य व्यवस्था** | २०४३२२२९४.७५ |
| **आन्तरिक आय** | ८८११९४४७.९४ | | |
| **अन्य आय** | २१९२९७३१३.११ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | १०१०३४६६६६.०८ | **कुल खर्च** | ११३१७४३४०२.६५ |
| **बाँकी मौज्दात** | | ४९४६८९२६.४३ | |